**The Journal of Deukhuri Multiple Campus**
[A Peer-Reviewed, Open-Access Multidisciplinary Journal]
ISSN 2961-1741 (Print)
Published by the Research Management Cell
Deukhuri Multiple Campus Lamahi, Deukhuri, Dang
(A Public Campus affiliated to Tribhuvan University)

# तत्सम शब्दार्थ शिक्षणमा निर्वचनप्रक्रियाको भूमिका

हरेकृष्ण ज्ञवाली
उपप्राध्यापक
देउखुरी बहुमुखी क्याम्पस लमही

*Article History: Submitted Aug.27, 2025; Reviewed Nov 18, 2025; Revised Nov.27, 2025*
*Corresponding Autho : Hare Krishna Gyawali, E-mail: hgyawali05@gmail.com*

## सार सङ्क्षेप

*प्रस्तुत अध्ययन नेपाली भाषाका तत्सम वर्गका शब्दार्थ शिक्षणका तरिकासँग सम्बन्धित छ। नेपाली भाषाका शब्दभण्डारमा ६० प्रतिशतभन्दा बढी तत्सम शब्दहरूको हिस्सा रहेकाले सामान्य प्रयोक्ताले समेत तत्सम शब्दहरूको अर्थबोध गरी यिनलाई प्रयोग गर्न आवश्यक छ भने शिक्षक विद्यार्थीका लागि त तत्सम शब्दको अर्थबोध अनिवार्य नै मानिन्छ। दैनिक प्रयोगमा आइरहने तत्सम शब्दहरूको अर्थबोधका लागि केही विशेष प्रक्रिया अपनाउन सकिन्छ। भाषाशिक्षणमा पनि केही विशेष प्रक्रियाबाट यस्ता शब्दको शब्दार्थ शिक्षण गराउनु जसरी हुन्छ। यस्ता शब्दहरूको अर्‍थ बोधका लागि निर्वचनप्रक्रियाबाट शिक्षण गर्न सकिन्छ किनकि यिनका लागि निर्वचनप्रक्रिया नै बढी प्रभावकारी हुने देखिन्छ। निर्वचनअन्तर्गत निष्पत्ति, व्युत्पत्ति र रूपायन तीनै प्रक्रियाहरू पर्दछन्। संस्कृतका तत्सम शब्दहरू यी तीनवटै प्रक्रियाबाट निर्माण भएका हुन्छन्। जुन शब्द जसरी निर्माण भएको छ त्यसलाई त्यही निर्वचन प्रक्रियाबाट शिक्षण गर्दा बढी प्रभावकारी हुन्छ। उदाहरणका लागि अग्नि, कौन्तेय र तस्य शब्दहरूलाई लिन सकिन्छ। अग्निको निष्पत्ति जस्को ज्वाला उध्वगमनकारी हुन्छ त्यसलाई अग्नि भनिन्छ भने, कुन्तिका सन्तानलाई कौन्तेय र तत् शब्दको षष्ठी विभक्तिको रूप तस्य हो भनेर अर्थ बताउँदा रमाइलो र प्रभावकारी पनि हुन्छ। यसरी यिनीहरूको निर्वचन देखाउँदा यिनले बुझाउने अर्थ बढी स्पष्ट हुन्छन्। निर्वचनका यी तीन प्रक्रियाहरूमा सूक्ष्म अन्तर भएकाले त्यसैअनुसार अर्थबोध गराउँदा दिगो सिकाइ हुने हुँदा शब्दार्थ शिक्षणमा यिनको आवश्यकता र महत्व देखिन्छ। शब्दार्थबोधमा वा शब्दार्थ शिक्षणमा निर्वचन प्रक्रियालाई एउटा साधन तथा उपायको रूपमा उपयोग गर्न निर्वचनका सबै प्रक्रिया र प्रवृत्तिबारे सामान्य जानकारी हुनुपर्छ। कोश र व्याकरणका ग्रन्थहरूबाट यिनका बारेमा सङ्केतमा जानकारी मिले तापनि एकत्र यिनका बारेमा चर्चा गरी ज्ञानविस्तार गर्नु आवश्यक नै देखिन्छ। यहाँ यही अभाव मेटाउने वा जानकारी गराउने उद्देश्य राखी सङ्क्षिप्तमा तत्सम शब्दहरूको निर्वचनप्रक्रिया र प्रवृत्तिका प्रक्रियाको अनुशीलन गरिएको छ। गुणात्मक अनुसन्धान ढाँचा अनुसरण गरी उद्देश्यमूलक नमुना छनौटविधिबाट सूचनाहरूको संकलन गरिएको छ भने अर्थापनपछि तथ्यवर्णन गरी निष्कर्षमा पुगिएको छ। अध्ययनबाट तत्सम शब्दको प्रकृति हेरी निष्पत्ति, व्युत्पत्ति र रूपायनका प्रक्रियाबाट शब्दार्थशिक्षण गर्दा तत्सम शब्दहरूको अर्थबोध गराउन सुगम हुने निष्कर्ष निकालिएको छ।*

शब्दकुञ्जी: निर्वचन, निष्पत्ति, व्युत्पत्ति, रूपायन, अर्थकरण।

विषय परिचय

निर्वचन अर्थबोधको एउटा महत्वपूर्ण प्रक्रिया हो। यसबाट शब्दको अर्थबोध दिगो र सुगम तरिकाले हुन्छ। यो विश्वसनीय र प्रामाणिक समेत हुने भएकाले तत्सम शब्दार्थ शिक्षणमा सहयोगी देखिन्छ। हरेक शब्दको वास्तविक अर्थ पत्ता लगाउन निर्वचन गर्ने परम्परा रहिआएकाले पनि यो प्रक्रिया पहिलो र भरपर्दो अर्थबोधको उपाय हो भन्ने स्पष्ट हुन्छ। पूर्वमा निर्वचन सिकाउने वा देखाउने पहिलो ग्रन्थ निरुक्त हो । प्राप्त प्रमाणका अनुसार यास्कको निरुक्त (ई.पूर्व पाँचौँ शताब्दी) शब्दको निर्वचन सिकाउने व्युत्पत्तिमूलक कोशग्रन्थ हो (नेपाली साहित्यकोश, ३८१)। यसमा जुन किसिमले शब्दको निर्वचन गरेर शब्दार्थ स्पष्ट पारिएको छ यस्तो निर्वचन गर्ने कार्यले संसारभरिका भाषा अध्येताहरूका लागि निरुक्त एक उपजीव्य ग्रन्थ बन्न पुगेको छ। यास्कले सर्वाणि नामानि आख्यातानि (सबै नाम शब्द धातु निर्मित हुन्) भन्ने मान्यता राखेर सबै शब्दको निर्वचनमा आख्यात (क्रियापद) शब्दलाई अनिवार्य रूपमा जोडेका छन्। यसरी यिनी सबै शब्दका बनोट देखाउन तिनीहरूको निर्वचन गर्न कस्सिएका छन्। उनले यो काम सर्वप्रथम आफ्नै निघण्टु (वैदिक कोश) मा सङ्कलित शब्दहरूको निर्वचन गरेर पूरा गरे किनकि निघण्टुमा पहिले पर्याय शब्द मात्र दिएर शब्दार्थबोध गराउने प्रक्रिया अँगालिएको थियो। निघण्टुको जस्तै काम अमरसिंहको अमरकोशमा पनि पर्याय शब्दका पद्यरचना गरेर पूरा गरिएको छ। यी दुबै पुराना कोशग्रन्थले शब्दार्थ बोधका लागि पर्यायप्रक्रिया अपनाएका छन्। यो प्रक्रियाले मात्र शब्दार्थ बोधमा बाधा पुगेको देखेपछि यास्क आफैले शब्दार्थ बोधका लागि निर्वचनको पनि आवश्यकता महसुस गरेर निर्वचन देखाउने निरुक्त कोशको निरूपण गरे। यसरी शब्दबोध गराउन उनले पहिलोपल्ट व्यूत्पत्तिमूलक कोशग्रन्थ निरुक्त प्रतिपादन गरेको देखिन्छ। निरुक्तपछिका कोशकारहरूले शब्दार्थ बोधका लागि विवृत्ति र परिभाषा पनि  दिने प्रक्रिया थपेर शब्दार्थका सूचना दिने प्रक्रियाविस्तार गर्दै लगेका छन् भने अझ पछिल्ला कोशकारहरूले त्यसमा सन्दर्भ, उद्धरण र चित्रसमेत जोडेर अर्थकरणको प्रक्रियालाई बढी सरलीकरण र सुगम बनाइएको पाइन्छ। यसरी हेर्दा शब्दार्थ बोधका लागि कोशग्रन्थमै पाँचवटा प्रक्रिया अँगालेको भेटिन्छ:

(क) प्रविष्टि शब्दको पर्याय दिने प्रक्रिया

(ख) निवर्चन देखाउने प्रक्रिया

(ग) परिभाषा र विवृत्ति दिने प्रक्रिया

(घ) सन्दर्भ र उद्धरण दिने प्रक्रिया

(ङ) चित्रात्मक सन्दर्भ दिने प्रक्रिया

आधुनिक कोशहरूमा अर्थकरणका सबै प्रक्रिया विधेयभागमा राख्ने गरेको पाइन्छ तापनि निर्वचनका सूचनालाई भने उद्देश्यभागमै राख्ने गरेको देखिन्छ। पूर्वीय कोश, व्याकरण र अन्य वाङ्मयहरूमा  अर्थबोधका अरू पनि तरिका र प्रक्रिया वर्णन गरिएका छन् (न्यौपाने, २०५१ पृ. ३७३ ७५) तिनमा निर्वचन प्रक्रिया प्रमुख रहेको छ। यी शब्दबोध गराउने साधन प्रक्रिया आठवटा रहेका छन्:

(क) व्याकरण: पदच्छेद गरेर अर्थबोधका लागि सहयोग पु¥याउने हुँदा साधन वा उपायमा गनिन्छ।

(ख) उपमान: सादृश्यका आधारमा तुलना गरेर फलानो जस्तै फलानो भनेर अर्थबोधमा साधन बन्छ।

(ग) कोश: प्रमुख अर्थ दिएर साधनको काम गर्दछ।

(घ) आप्त वाक्य: विज्ञले पनि अर्थ बताउने भएकाले विज्ञका भनाइ पनि अर्थबोधका साधन बन्छन्।

(ङ) व्यवहार: नमस्कार भन्दै हात जोडेर सम्मान गर्ने व्यवहारबाट अर्थबोधमा साधन बन्ने।

(च) वाक्यशेष: वाक्यका अरु सबै शब्दको अर्थबोध भयो भने एकाध शब्दको अर्थ अनुमान हुन्छ।

(छ) विवृत्ति: व्याख्या, विवरण सुनाएर अर्थबोध गराउन सकिन्छ।

(ज) प्रसिद्धको सान्निध्य: सँगै रहेको अर्को शब्दको सहयोगले पनि अर्थबोधमा सहयोग मिल्दछ।

शब्दको अर्थबोध गर्ने वा गराउने प्रमुख प्रक्रिया निर्वचन हो भन्ने कुरा माथिको चर्चाले स्पष्ट पारेको छ। निर्वचन माथिको उपाय गणनामा परेको देखिन्न तापनि यो प्रमुख किन हो भने निर्वचन माथिका कुनै एउटामा सीमित हुँदैन। यसले त कोश, व्याकरण र विवृत्ति तीनै साधनलाई समेटेको हुन्छ। त्यसकारण शब्दार्थ बोध गराउने प्रमुख तरिकाको रूपमा निर्वचन प्रक्रियाबारे अध्ययन, बहस र छलफल गर्नु आवश्यक देखिन्छ।

कोश र व्याकरणले विवृत्ति दिएर निर्वचनको प्रक्रिया निर्धारण गर्दछन्। कुन प्रक्रिया ठिक र कुन बेठिकको जवाफ व्याकरणले मात्र दिन सक्छ। निर्वचनका नियमसूत्रहरू व्याकरणमा पाइने भएकाले निर्वचनको आधार ग्रन्थ भने व्याकरण नै हुन्छ। त्यसकारण निर्वचनको सम्पूर्ण प्रक्रियाको जानकारी पाउन व्याकरणको ज्ञानसमेत आवश्यकता पर्दछ। व्युत्पादन र रूपायनको प्रक्रिया त पूर्णत: व्याकरणमा नै आधारित हुन्छ। व्याकरणको काम नै शब्द र पदको शुद्ध रूप तय गर्नु हो। नेपालीका तत्सम शब्दहरूको शुद्धीकरण गर्ने आधिकारिक व्याकरण पाणिनिको अष्टाध्यायी व्याकरण हो।

नेपाली भाषा प्रयोगमा ६० प्रतिशत बढी तत्सम शब्दहरूको योगदान रहेकाले यस्ता शब्दहरूको अर्थबोधको प्रक्रियाबारे चर्चा गर्नु नितान्त आवश्यक छ। यसप्रकार शब्दबोधका लागि निर्वचनप्रक्रिया सहयोगी हुने देखिएकाले यहाँ निर्वचनको आवश्यक जानकारी गराई यसका प्रमुख प्रक्रियाबारे पनि चर्चा गरिएको छ। यस क्रममा निर्वचनलाई शब्दोत्पत्तिको मूलप्रक्रिया स्वीकार गरी यसअन्तर्गतका भिन्न प्रवत्तिका रूपमा निष्पत्ति, व्युत्पत्ति र रूपायनलाई देखाइएको छ। यिनमा निष्पत्ति प्रक्रिया निकै रमाइलो र पहेँली जस्तै अनुश्रुत्य पनि छ। अग्निलाई किन अग्नि भनिन्छ? यसको जवाफ निष्पत्तिले रमाइलो पाराले दिन्छ। जसको ज्वाला माथितिर जान्छ त्यस्तो प्रज्वलनशील पदार्थलाई अग्नि भनिन्छ भन्दा रमाइलो पनि हुन्छ। यसरी निष्पत्तिले कोशीय र धारणागत अर्थलाई स्पष्ट पार्दछ।

निर्मित शब्दहरूको निर्माण देखाउने प्रक्रिया व्युत्पत्ति हो। शब्दको व्युत्पत्ति जथाभावी हुँदैन अनुबन्ध र प्रतिबन्धका अनेक नियमअनुसरण गरेर पूरा गर्नुपर्ने भएकाले भाषाशिक्षणमा यसलाई पनि सटीक रूपमा देखाउन जान्नुपर्छ। यसबाट सन्दर्भार्थ र वृत्यार्थ गराउन सकिन्छ। नेपाली भाषामा परम्परा र आवश्यकताले प्रयोग गरिएका पारिभाषिक, प्राविधिक र प्रयुक्तिका शब्दहरूको अर्थबोधका लागि व्युत्पत्तिसम्बन्धी जानकारी

राख्नुपर्छ। नेपाली भाषामा रूपायनका तत्सम शब्दहरू अपवादले मात्र प्रयोग हुने भएतापनि संस्कृत भाषाका उद्धरण र सूक्ति प्रयोगमा यस्ता पदीय शब्द पनि भेटिने हुँदा यिनीहरूबारे पनि जानकारी आवश्यक हुन्छ। त्यसकारण  नेपाली भाषाका सामान्य प्रयोक्तादेखि अनुसन्धाता, शिक्षक र विद्यार्थीहरू सबैका लागि विभिन्न प्रकारका तत्सम शब्दहरूको अर्थबोधका लागि निर्वचनका तीनवटै प्रक्रियाको जानकरी आवश्यक देखिन्छ।

आजभोलि नेपाली भाषाको प्रयोग झन् दुरुह, शुष्क र त्रुटिपूर्ण हुँदै जानुमा आम नेपाली भाषा प्रयोक्तामा शब्दबोधको अभाव नै मूल कारण देखिन्छ। निर्वचनप्रक्रियाको स्पष्ट जानकारीबाट नेपाली भाषाको दुर्गतिसमेत निराकरण गर्न सहयोग मिल्नेछ। तत्सम शब्दहरूको अर्थग्रहका लागि निर्वचन प्रक्रिया सहयोगी हुने भएकाले शब्दार्थ शिक्षणमा यसको उपयोग गरेर शब्दबोधलाई प्रभावकारी बनाउन सकिन्छ। त्यसैले शब्दार्थ शिक्षणका लागि निर्वचन प्रक्रियालाई एउटा उपायको रूपमा दिग्दर्शन गराउनु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ।

## अनुशीलन प्रक्रिया र पूर्वकार्यको समीक्षा

जिज्ञासाजन्य लक्ष्यप्राप्तिका उद्देश्यले गरिने नयाँ तथ्यको खोजविन र व्यवस्थित अध्ययनलाई अनुसन्धान भनिन्छ। अनुसन्धान कार्य व्यवस्थित प्रक्रिया अँगालेर सम्पन्न गर्नुपर्ने हुन्छ। त्यसका लागि निश्चित ढाँचा र विधिअनुसरण गर्नुपर्छ। यस अध्ययनमा गुणात्मक अध्ययन ढाँचा र उद्देश्यमूलक नमूना छनौटविधि उपयोग गरिएको छ भने सामग्री संकलनका मुख्य स्रोत भने प्रामाणिक र आधिकारिक शब्दकोश र व्याकरणलाई मात्र बनाइएको छ। यसका लागि व्याकरणतर्फ पाणिनिको अष्टाध्यायी व्याकरण, हेमाङ्गराजको समसायिक नेपाली व्याकरण, मोहनराज शर्माको शब्दरचना र वर्णविन्यास भाषा वैज्ञानिक पद्धति र कोशग्रन्थतर्फ नेपाली संस्कृत संक्षिप्त शब्दकोश, आप्टे संस्कृत हिन्दी शब्दकोशलाई प्राथमिक स्रोत बनाइएको छ। यसैगरी देवीदत्त शर्माको लघुसिद्धान्त कौमुदीको नेपाली व्याख्या संस्कृत व्याकरण ग्रन्थको पनि  सहयोग लिइएको छ। अन्य सम्बन्धित लेखरचना, सन्दर्भपुस्तक र विद्युतीय माध्यम सामाजिक सञ्जाल जस्ता द्वितीयक स्रोतबाट पनि आवश्यक सामग्री संकलन गरिएको छ। सामग्री विश्लेषणको मुख्य आधार पाणिनीय व्याकरणको सूत्रवृत्तिका नियम र वामन आप्टेको संस्कृत हिन्दी शब्दकोशको निष्पत्ति प्रक्रियालाई बनाइएको छ। पाणिनीय व्याकरणमा शब्दव्युत्पत्ति प्रक्रियाको र संस्कृतका व्युत्पत्तिमूलक कोशहरूमा शब्दनिष्पत्तिका उदाहरण पाइने हुँदा पूर्वकार्य सबल र पूर्णरूपमा भएको पाइन्छ। यसमा ती व्याकरण र कोशका पूर्वकार्यहरूलाई कसरी शैक्षणिक उपयोग गर्न सकिन्छ भन्ने कुरा मात्र स्पष्ट पारिएको छ।

## अध्ययनको महत्व

शब्दहरूको निर्वचन शब्दार्थ बोधका लागि अति आवश्यक मानिन्छ। पारिभाषिक र प्राविधिक रूपमा उपयोगमा ल्याइएका शब्दहरूको तिनले वहन गरेका अर्थ, आशय र अवधारणा स्पष्ट पार्न तीनीहरूको निर्वचन देखाएर भाष्य गर्ने या स्पष्ट पर्ने चलन संसारभरिका भाषाहरूमा पाइन्छ। संस्कृत जस्तो प्रश्लिष्ट भाषाका शब्दका लागि त यो काम अझ अनिवार्य देखिन्छ। संस्कृत भाषाको प्रकृति नै यस्तो छ कि चाहे कोशीय अर्थबोध गर्न होस् अथवा वृत्तिपरक अर्थबोध गर्न होस् या व्याकरणिक अर्थबोधका लागि होस् शब्दार्थका लागि निर्वचन

गर्नैपर्छ। नेपालीमा प्रयुक्त तत्सम शब्दहरूको अर्थबोध गर्न पनि सर्वप्रथम शब्दहरूको निर्वचन नै गरेर अर्थनिर्धारण गरिन्छ। त्यसकारणले नेपाली तत्सम शब्दको अर्थबोध गर्न वा गराउन निर्वचन प्रक्रिया सहयोगी हुने देखिएकाले तत्सम शब्दको निर्वचन प्रक्रियासम्बन्धी प्रस्तुत अध्ययनको शैक्षणिक प्रयोजनका दृष्टिले आवश्यकता र महत्व देखिन्छ। नेपाली भाषाका अध्येता, विद्यार्थी, शिक्षक र अनुसन्धाता सबैलाई यस अध्ययनबाट उपयोगी सामग्री उपलब्ध हुने भएकाले यो अध्ययनको औचित्य पनि सिद्ध हुन्छ।

## विषय र छलफल

संस्कृतका कोश, व्याकरण र अन्य वाङ्मयका ग्रन्थमा समेत भाषिक अर्थसन्धानका अनेक तरिकाबारे चर्चापरिचर्चा गरेको भेटिन्छ। वैदिक साहित्यको कोश भनेर चिनिने निरुक्तदेखि वाक्य व्याकरण भनेर चिनिने वाक्यपदीय सम्मका सबै ग्रन्थले भाषिक अभिव्यक्तिका आशय र एकाइका अर्थतत्वबारे गहन चिन्तनमनन गरेर सिद्धान्तसमेत प्रतिपादन गरेका छन्। यस क्रममा शब्दार्थदेखि पदार्थ, वाक्यार्थ, प्रकरणार्थ सन्दर्भार्थ सबै किसिमका अर्थ कोटिबारे विशद व्याख्या भएको भेटिन्छ।

अर्थको अर्थ चिनाउन भर्तृहरिले व्यक्त गरेको विचार सटीक र यथार्थपरक छ। उनका विचारमा शब्दोच्चारण सुनेर श्रोताले जे बुझ्छ त्यही शब्दको अर्थ हो (भर्तृहरि, १९७१)। अर्का ठाउँमा यिनैले अर्थ के हो भन्नेबारे दार्शनिक  विचारसमेत प्रस्तुत गरेको पाइन्छ। उनका विचारमा शब्दब्रह्म नै अर्थभावले विवर्त रूपमा बाहिर प्रकट हुन्छ (भर्तृहरि, १९७१)। यसरी अर्थलाई उनले शब्दब्रह्मको प्रस्फुटित विवर्त भनेका छन् र विवर्तको अर्थ  अर्थमय जगत गरेका छन्। वास्तवमा यो भौतिक सत्ता र यहाँका हरेक पदार्थ, भाव र क्रियादि सबका सब भाषाबाट नै अभिव्यक्त र परिचित हुन्छन्, बुझिन्छन्। त्यसकारण दार्शनिक रूपमा भन्दा अर्थ भनेको भौतिक तथा सत्ताजगतको मानसिक प्रतिच्छाया हो, मनोबिम्ब हो, सम्प्रत्यय हो।

मीमांसकका अनुसार अर्थ या त शाब्दिक हुन्छन् या वाक्यात्मक हुन्छन्। तर व्याकरणकारका दृष्टिमा भने भाषाका हरेक एकाइको अलग अलग अर्थ हुन्छ। सबैको अर्थ हुने भए तापनि यिनीहरू  कुनै बोधक र कुनै द्योतक हुन्छन्। ध्वनि, वर्ण, शब्द र वाक्य भाषाका आस्पद हुन्। यी भौतिक वा भाषिक सत्ताका अलग अलग रूप हुन् र यिनको छुट्टै आआफ्नो अर्थ पनि हुन्छ। तर अर्थको भौतिक सत्ता नभएर मनोविम्ब मात्र हुन्छ, बोध मात्र हुन्छ। भाषिक व्यवहारमा शब्द र वाक्यको अर्थ नै प्रधानतया बोध हुन्छ भने त्यसमा पनि शब्दको अर्थ अझ प्रधान हुन्छ। त्यसैकारण भाषासिकाइका सन्दर्भमा शब्दार्थ शिक्षणको क्रियाकलाप प्राथमिकता दिएर गराइन्छ।

पाणिनिको अर्थ चिन्तन पूर्ण र वस्तुपरक छ। उनी भाषिक अर्थलाई पदार्थ, वृत्यार्थ र वाक्यार्थका रूपमा स्पष्ट पार्दछन्। भोजदेवले भने शब्द र अर्थका १२–१२ कोटिहरूको चर्चा गरेका छन्। उनले दिएका शब्द र अर्थका १२ कोटि यसप्रकार रहेका छन्।

शब्दका १२ कोटि: प्रकृति, प्रत्याय, उपस्कार, उपपद, प्रातिपदिक, विभक्ति, उपसर्जन, समास, पद, वाक्य, प्रकरण र प्रबन्ध।

अर्थका १२ कोटि: क्रिया, फल, कारक, पुरुष, उपाधि, प्रधान, उपस्कारार्थ, प्रातिपदिकार्थ, विभक्त्यार्थ, वृत्यार्थ, पदार्थ र वाक्यार्थ।

तत्सम शब्दको अर्थ निकाल्ने प्रमुख तीन उपाय निष्पत्ति, व्युत्पत्ति र रूपायन रहेका छन्। कुनै पनि भाषिक रूप त्यो चाहे यौगिक होस् वा चाहे मूल नै किन नहोस् त्यसको अर्थ त्यसै भित्रका रूपघटकहरूको अवस्थिति र सम्मिश्रणका योगफलबाट निकालिन्छ। वास्तवमा कुनै पनि भाषिक रूप, शब्द, र पदको अर्थ त्यसभित्रका कति र  कस्ता रूप एकाइहरू संगठित छन् तिनीहरूको योगफलका आधारमा निकालिएको हुन्छ। यसरी रूपसत्ताका आधारमा निकालिएको अर्थलाई नै त्यसको अभिधेय अर्थ भनिन्छ।

शब्दको अभिधेय अर्थबोध गराउने उल्लिखित मूल तीन तरिकालाई अलग–अलग चर्चा गर्नु आवश्यक छ। यिनले साधित र असाधित सबै किसिमका तत्सम शब्दको अर्थबोध गराउँछन्। तल यी तीन निर्वचन प्रकारबारे छुटटाछुट्टै चर्चा गरिएको छ:

निष्पत्तिप्रक्रिया

निष्पत्तिप्रकियाको चर्चा गर्ने पहिलो व्यक्ति यास्क हुन्। उनी सबै शब्दहरू धातुबाट बनेका हुन् भन्ने मान्दथे (युकिपिडिया)। यिनका विचारमा सबै शब्द धातु साधित हुन् र यिनको निष्पत्ति आख्यात शब्द जोडेर मात्र गर्नुपर्छ। निरुक्तको परिचय गराउने तलको कारिकाबाट पनि यही कुरा पुष्टि हुन्छ (नेपाली युकिपिडिया)।

वर्णागमो वर्णविपर्ययश्च दौ चापरौ वर्णविकारनाशौ।
धातोस्तथार्थतिशयेन योगस्तदुच्यते पञ्चविधं निरुक्तम्।।

अर्थात् निरुक्तमा वर्णको थपोट, वर्णलोप, वर्णको अदलीबदली, वर्णविकार र धातु अर्थको योग यति पाँचवटा कार्य हुन्छन्। यसबाट निष्पत्तिको अर्थ अर्थापत्ति हो र यो ऐतिहासिकताका आधारमा शब्दार्थको व्याख्या गर्ने पद्धति हो भन्ने बुझिन्छ। अर्थापत्ति प्रक्रियामा केन्द्रित भएर शब्दको मूल रूप र अर्थको खोजी गर्ने भएकाले निष्पत्ति प्रकिया व्युत्पत्ति प्रक्रियाभन्दा अलि फरक छ।

नेपाली भाषाका धेरैजसो तत्सम र तद्भव शब्दहरूको निष्पत्ति गरेर मात्र वास्तविक अर्थसन्धान गर्न सकिने भएर हो कि किन हो? नेपाली भाषाका पनि निष्पत्तिमूलक कोश र व्याकरणहरूको आवश्यकता अनुभव गरिएको छ। निरुक्तिका प्रक्रियामा मूल रूपमिक आधार कुन हो? त्यसको खोजी गरेर मात्र शब्दको स्वरूपसँगै अर्थ निर्धारण गरिन्छ। यसरी हेर्दा निष्पत्ति शब्दको मूल रूप किटान गरेर मात्र अर्थनिर्धारण गर्ने प्रक्रिया देखिन्छ।

नेपाली भाषाका अधिकांश तत्सम अव्युत्पन्न शब्दहरू व्याख्यात्मक अर्थका प्रतीक देखिन्छन्। यसबाट आद्य कालमा अर्थलाई व्याख्यात्मक रूपमा बुझाउने चलन रहेको पनि बुझिन्छ। यही लोकचलनलाई समातेर यास्कले निरुक्ति प्रक्रियाका आधारमा वैदिक शब्दहरूको शब्दार्थ लेखे र आफ्नो ग्रन्थको नाम निरुक्त राखे। हेरौँ तल प्रस्तुत केही निष्पत्तिका उदाहरण:

विषय: विषिन्वन्ति स्वात्मकतया विषयिणां संवध्यन्ति (वि सि अच्)

इति: ज्ञानेन्द्रियद्वारा प्राप्त गरिने पदार्थ (रूप, रस, गन्ध, स्पर्श र शब्द) परक ज्ञान वा बोध नै विषय हो, अर्थात् विषय खास पदार्थको ज्ञानको संगठित रूप हो।

हाहा: हा हा इति शब्दं जहाति (हा हा क्विप्) शोक, पीडा र आश्चर्यप्रकट गर्ने व्यक्ति, जाति, गन्धर्बहरू।

वंश: वमति उद्गिरति (वम् श)। सन्तान जसबाट जन्मिरहेका छन् त्यो मूल वा कुल वंश हो।

गुरु: गुरुत्वं उद्वेलयतीति। जसबाट ज्ञान दिने, अन्धकार हटाउने व्यक्ति वा काम।

अग्नि: अगति उध्र्वं गच्छति (अग नि)। जसको ज्वाला माथितिर जान्छ त्यो पदार्थ अग्नि हो।

स्त्री: स्त्यायेते शुक्रशोणिते यस्याम (स्त्यै टच डीष्)। जसमा शुक्र र शोणीको (रजको) निषेचन हुन्छ त्यो नारी स्त्री हो।

अम्बरीषक: अम्ब अरिष् वा अम्ब जलम् अरिषति इति। पानीको शत्रु वा पानीसँग शत्रुता गर्छ जो भन्ने अर्थ निकालिएको छ। यसमा ऐतिहासिक सन्दर्भसमेत व्याख्या गरिएको छ।

बराहा: बराय अभीष्टाय आहान्ति भूमय। अभीष्ट कार्यका लागि भूमिमा ल्याइएको जनावर वा विष्णुको अवतार भनेर यसको व्याख्यात्मक अर्थ निकालिएको छ।

व्याकरण: व्याक्रियन्ते, निष्पाद्यन्ते, पृथक क्रियन्ते वा शब्दा अनेन इति व्याकरणम्। यसअनुसार रूपसिद्धि गर्ने वा रूपविच्छेद गर्ने शास्त्रलाई व्याकरण भनिन्छ।

यसरी हेर्दा निष्पत्तिप्रक्रिया अर्थापत्तिलाई आधार मानेर कोशीय शब्दहरूको अर्थसन्धान गर्ने प्रक्रिया देखिन्छ। यसबाट रूप फेरिएका, घोटिएका र रूप स्थानापन्न भएका शब्दहरूको मूल रूप किटान गर्न र त्यस्ता ऐतिहासिक रूपपरिवर्तन भएका शब्दहरूको स्वरूपका आधारमा अर्थनिर्धारण गर्न सहयोग मिल्दछ। पाणिनिको व्याकरणमा निष्पत्ति वर्णन गरिएको प्रकरण उणादि हो जसलाई पाणिनिले उणादय भनेर संकेत मात्र गरेका छन् भने पछिका प्रक्रियापरक व्याकरणकारहरूले यसलाई विस्तारले वर्णन गरेका छन्। झट्ट हेर्दा यो कृत्प्रक्रियाकै अंग देखिन्छ तर यसको प्रचलन र विस्तार निष्पत्तिको अवधारणाअनुसार भएको देखिन्छ।

तलका उदाहरणहरूले यही देखाउँछन्:

| धातु | उणादि साधित शब्द |
|---|---|
| भृ, मृ शीङ्, तृच्, रिपु, तनि | तरु, चरु, तनु, धनु, वसु, बन्धु, मनु, पृथु, लघु, बहु |
| धनि, वसि, हनि मनि, प्रथि, | |
| म्रद, लघि, बन्हि... | |

उणादि प्रत्यय लागेर बनेका उल्लिखित शब्दहरू व्युत्पन्न जस्ता पनि देखिन्नन्। उणादिमा अरु धेरै किसिमका प्रत्ययहरू छन् र तिनबाट अरु धेरै किसिमका लाखौँ शब्दहरू निष्पन्न हुन्छन् जसलाई व्युत्पादनका प्रक्रियाले भन्दा निष्पत्तिका प्रक्रियाले व्याख्या गर्न सुगम हुन्छ भने यस किसिमको अर्थ निर्धारण व्याख्यात्मक अर्थविज्ञानका कोटिमा पर्दछ ।

व्युत्पत्ति प्रक्रिया

यसलाई शब्दनिर्माण प्रक्रियाका नामले पनि चिनिन्छ। यो व्युत्पत्ति प्रक्रियामा दुई रूपहरू कसरी जोडिएका छन? त्यसका आधरमा अर्थसन्धान गरिन्छ। यसमा प्रकृति र प्रत्ययको अर्थखोजी हुन्छ । जस्तो:

सर्वेषाम् उदय— सर्वोदय उन्नति

हितेन सहित— साहित्य शब्द र अर्थको सहभाव

परिवारेण सहित— सपरिवार, परिवारयुक्त

दृश् य— दृश्य, दृश्यावली

सम् लाप— संलाप, वार्तालाप

अन्तः राष्ट्रिय— अन्तर्राष्ट्रिय, विश्व

सौर्य, सूर् य— सूर्यसम्बन्धी

पार्थिव, पृथु — भौतिक स्थुल, मानव, मनु

सुनयना— सुन्दर नयना, यस्या सा— सुन्दर नयन भएकी

व्युत्पत्तिमा कुन-कुन वर्तमान रूपहरू संश्लेषण गरेर नयाँ शब्द बनाइएको छ त्यसका आधारमा अर्थसन्धान गरिन्छ। यसबाट रूपहरूको संश्लेषणको स्थिति र त्यसक्रममा भएका रूपध्वनि प्रक्रिया बुझ्न सहयोग मिल्दछ। संस्कृत भाषाका कृदन्त, तद्धितान्त, समास, स्त्रीत्व, सन्नन्त यङ्नन्त, गति, कर्मप्रवचनीयका सबै प्रक्रियाहरू व्युत्पादन प्रक्रियान्तर्गत पर्दछन्। यिनले वृत्यार्थको अर्थसन्धान गर्न सहयोग पुर्याउँछन्। पाणिनिले यिनलाई शब्दवृत्ति भन्नुको तात्पर्य पनि यही हो।

यो प्रक्रियामा प्रकृति र प्रत्ययको योगका अनेक युक्ति देखिने भए तानि यिनका अनेक अनुबन्ध प्रतिबन्धका नियमअनुसरण गर्नुपर्ने भएकाले यसभित्र पनि अनेक युत्ति र प्रवृत्तिहरू भेटिन्छन्। तल सर्वोदय शब्दकै व्युत्पत्ति हेरौँ:

सर्वेषाम उदय— सर्वोदय सबै सहभागीको उदय वा उन्नति

सर्वेणभावेन उदय— सर्वोदय, सबै प्रकारले उदय

सर्व उदय यस्मात् चासौ उदय— सर्वोदय, उन्नति वा सम्वृद्धि

माथि एउटै सर्वोदय शब्दको अभिप्रेत अर्थको निक्र्यौल अन्तर्निहित विग्रहका रूपघटकहरूको योगफलको प्रकृति हेरेर गर्न सकिन्छ । पहिलो उदाहरणमा षष्ट्यान्त बहुवचन सर्वेषाम् शब्दले सबैको भन्ने र उदयले उन्नति भन्ने अर्थ दिने भएकाले यी दुई रूपघटकको संयोजन गर्दा सबैको उदय हुने स्थिति, अवस्था, प्रगति वा हितभाव नै सर्वोदय हो भन्ने अर्थ स्पष्ट हुन्छ । दोस्रो उदाहरणमा सर्वेण वा सर्वेणभावेन उदय सर्वोदय भएको मान्दा सबै प्रकारले उन्नति वा सम्वृद्धिलाई सर्वोदयले संकेत गरेको अर्थ गर्न सकिन्छ । यसो गर्दा यसमा तृतीयान्त साधन वा करणपरक अर्थ सबै कारण वा साधन या प्रयोजनले भएको उदय वा प्रगति वा उत्तम उन्नति भन्ने अर्थ निकाल्न सकिन्छ। तेस्रो उदाहरणमा उही सर्वोदय शब्दबाट सर्व उदय यस्मात् चासौ उदय विग्रह गरेर जसमा सबै उदय गर्ने विशेषता वा गुण छन् त्यस प्रकारको उदयलाई सर्वोदय भन्नु उपयुक्त हुने अभीष्ट अर्थ

निकालिन्छ। एउटै तत्पुरुष र कर्मधारय समासका भेदअनुसार विग्रह गर्दा सर्वोदय शब्दको अभीष्ट अर्थ फरक भएको स्थिति देखाइएको छ। यसरी व्युत्पादनका प्रक्रियामा संयोजन भएका रूपघटक र विग्रहका आधारमा व्युत्पन्न शब्दको अर्थ निर्धारण हुने कुरा स्पष्ट भएको छ। यसरी पाणिनिले व्युत्पादन प्रक्रिया वर्णन गर्दा कुन अर्थको प्रकृतिमा कुन अर्थको प्रत्यय वा विग्रह संयोजन गरिएको छ वर्णन गरेका छन्। व्युत्पादनमा विभाषा, लोके, वेदे र अपवादका नियम वा प्रचलनलाई समेटेकाले यसको प्रक्रिया गतिशील देखिन्छ। यस प्रक्रियामा पनि रूपध्वनि प्रक्रिया लागु हुने भएकाले व्युत्पादनको प्रक्रिया लामो हुन सक्छ। आद्यन्त भागमा ध्वनिपरिवर्तन समेत् हुन्छन् (ढकाल, २०६९, पृ ९–१३)।

रूपायन प्रक्रिया

रूपायन शब्दको प्रयोग व्यापक र सीमित दुवैअर्थमा भेटिन्छ। व्यापक अर्थमा रूपायन निर्वचन तथा निरुक्तिकै वाचक देखिन्छ भने सीमित अर्थमा यसको प्रयोग रूपकोटिको निर्माण र कोटिगत अर्थको व्याख्या गर्ने रूपायन प्रक्रियामा सीमित छ। त्यसकारण रूपायनको प्रक्रियाले शब्दमा व्याकरणिक कोटिका अर्थ जनाउन थपिने रूपसंगठनको रूपायन प्रक्रियालाई जनाउँछ। यस प्रक्रियामा एउटा प्रातिपदिक वा धातुमा रूपायनका प्रत्यय जोडेर कोटि व्याकरणअनुसार लिग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव वाच्य, प्रेरणाभावका अर्थ व्यक्त गरिन्छ।

| | | |
|---|---|---|
| राम | रामौ | रामा |
| रमा | रमे | रमे |
| भवति | भवत: | भवन्ति |
| भवतु | भवताम | भवन्तु |

यिनलाई पदहरू भनिन्छ र राम शब्दबाट राम, रामौ, रामा, रमाबाट रमा, रमे, रमा र भू धातुबाट भवति, भवत, भवन्ति आदि बनेका छन् (पाणिनि, १९८६)। यिनले प्रादिपदिक राम र रमा अनि भू धातुले भन्दा बढ्ता वचन, पुरुष, लिंग, वर्तमान काल, कर्तृवाच्य आदि व्याकरणिक अर्थ जनाएका छन्।

नेपाली भाषामा तत्सम रूपायनका शब्दहरू अपवादले मात्र प्रयोग हुन्छन् तापनि हुँदै नहुने चाहिँ होइन। संस्कृत भाषाका उद्धरण र सूक्तिहरूमा यिनीहरूको प्रयोग भेटिने हुँदा यिनीहरूबारे पनि जानकारी आवश्यक देखिन्छ। येनकेन प्रकारेण यो उद्धरणमा रूपायनका शब्द प्रयोग भएका छन् र यिनमा संस्कृत भाषाको नियमानुसार पदसङ्गति प्रयोग भएको छ। यी तृतीयान्त विशेषण पद हुन् त्यसैले तीनवटै पदमा एउटै विभक्ति छ। यति रूपायनका कुरा बुझेपछि यो पदावलीको अर्थ जुनकुनै प्रकारले हो भन्ने बुझिन्छ। नेपालीमा प्रयोग हुने केही रूपायनका शब्दहरू तल दिइएको छ:

शिवाय नमः, हरये नमः, देव्यै नमः हे बालिके, तस्मै, तस्यै, भो देव इह आगच्छ,

## निष्कर्ष

कुनै शब्दको अभीष्ट अर्थ निकाल्न वा शब्दबोध गर्न निष्पत्ति, व्युत्पत्ति र रूपायनका प्रक्रिया देखाएर शब्दको अर्थबोध गराउनु भाषा शिक्षणका दृष्टिले राम्रो मानिन्छ। यी तीन प्रक्रियामध्ये जुनचाहिँ शब्दबोधमा सहयोगी देखिन्छ त्यसैलाई प्रयोगमा ल्याउनुपर्छ।

निर्वचनको निष्पत्ति वा निरुत्तिप्रक्रियामा मूलरूप के हो वा के थियो? पहिले मूल रूप किटान गरी त्यसका आधारमा अर्थसन्धान गरिन्छ भने व्युत्पत्ति प्रक्रियामा शब्दका अवयवका रूपमा कुन–कुन रूपहरू जोडिएका छन् त्यसको आधारमा अर्थ निकालिन्छ। रूपायनको प्रक्रिया पनि यही हो तर यसमा कुन विभक्ति प्रत्यय लागेको छ ? यत्ति हेरे पुग्दछ अनि त्यसका आधारमा व्याकरणिक अर्थ निकालिन्छ ।

निर्वचन शब्द अर्थनिर्धारणासँग सम्बन्धित छ र यसमा अर्थग्रहका फरक–फरक तरिका देखापर्छन्। निरुक्तिले शब्दको मूल रूप किटान गरेपछि त्यसका आधारमा अर्थलाई व्याख्यात्मक तरिकाले स्पष्ट पार्दछ। रूपरचनाको आधारमा अर्थलाई सन्दर्भ र रूपपरक व्याख्या गर्दछ। व्युत्पत्तिमा प्रकति र प्रत्ययको प्राकृत अर्थमा वृत्यार्थ समावेश गरी नयाँ अर्थसन्धान गरिन्छ। वृत्ति धातुवृत्ति र शब्दवृत्ति गरी दुई प्रकारका छन्। धातु वृत्तिमा इच्छा, कामना र पुनरुक्तिका भावसँगै अभिप्रेरणा र मनोभाव पनि अभिव्यक्त हुन्छन्। शब्दवृत्तिमा कर्ता कर्म भाव स्त्रीत्वभाव र समासभाव व्यक्त हुन्छ। रूपायनमा भने धातु र प्रातिपदकमा विभक्ति जोडिएको देखाएर व्याकरणिक अर्थ प्रत्यारोपण गरिन्छ।

शब्दार्थ शिक्षणको अभिप्राय शब्दबोध अर्थात् शब्दको अर्थ बुझाउनु हो। यसका लागि धेरै प्रक्रियाहरू उपयोगमा ल्याइएको छ। तिनीहरूमध्ये निर्वचन प्रक्रिया सरल र उपगोगी छ। यसमा रूपरचनाको आधार खोजेर अर्थ स्पष्ट पार्ने काम हुन्छ। यसरी गरिएको शब्दार्थ शिक्षण दिगो र भरपर्दो हुन्छ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०५८)। *नेपाली भाषा र व्याकरण*। काठमाडौं: विद्यार्थी पुस्तक भण्डार।

आप्टे, वामन शिवराम (सन् १९९३)। *संस्कृत–हिन्दी शब्दकोश*। वाराणसी: मोतीलाल वनारसीदास प्रा. लि.

ढकाल, नीलमणि (२०६०)। *संस्कृत–नेपाली संक्षिप्त शब्दकोश*। काठमाडौं: रत्न पुस्तक भण्डार।

ढकाल, मति (२०६९)। *शब्दनिर्माण प्रक्रिया र सन्धि*। काठमाडौं: भुँडीप्रकाशन प्रा. लि.

न्यौपाने, टंकप्रसाद (२०५१)। *भाषाविज्ञानको रूपरेखा*। काठमाडौं: नेपाल बुक डिपो।

पाणिनि (संस्करण सन् १९९५)। *अष्टाध्यायी*। वाराणसी: चौखम्बा संस्कृत संस्थान।

बन्धु, चूडामणि (२०७२)। *भाषाविज्ञानका सम्प्रदाय* (चौथो संस्करण)। काठमाडौं: एकता बुक डिस्ट्रीब्युटर्स प्रा. लि.

बराल, ईश्वरप्रसाद तथा अन्य (२०५५)। *नेपाली साहित्यकोश*। काठमाडौं: नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान।

भर्तृहरि (सन् १९७१)। *वाक्यपदीय*। वाराणसी: मोतीलाल वनारसीदास।

शर्मा, देवीदत्त (२०२१)। *लघुसिद्धान्तकौमुदी (नेपाली व्याख्यासहित)*। दाङ: नेपाल संस्कृत विश्वविद्यालय प्रकाशन।

शर्मा, मोहनराज (२०५७)। *शब्दरचना र वर्णविन्यास: भाषावैज्ञानिक पद्धति*। काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।